*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# *नदी किनारका माझी* कवितामा पदपूर्वार्द्धवक्रता

# [Padapurvardha Vakrata in Nadi Kinar Ka Majhi (Fisherman by the river bank) Poem]

**ऋषिराम शर्मा**
प्रा.डा. त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँ
Email: rishirharma20@gmail.com)
**खिलप्रसाद बराल (निमेष निखिल)**
उपप्राध्यापक
नेपाली विभाग
मकवानपुर बहुमुखी क्याम्पस, हेटौँडा, मकवानपुर ।
*Email: nimeshnikhil@yes.my*
**Corresponding Author**
खिलप्रसाद बराल (निमेष निखिल)
DOI: https://doi.org/10.3126/irjmmc.v2i3.40088
Received: July 18, 2021; Revised & Accepted: September 25, 2021; Published: September 29, 2021
© Copyright: Baral (2021).
**सार**

*आचार्य कुन्तक प्रतिपादित वक्रोक्तिसिद्धान्त पूर्वीय साहित्यशास्त्रमा एउटा समन्वयशील सिद्धान्त मानिन्छ किनकि यो सिद्धान्तले पूर्ववर्ती आचार्यहरूका काव्यमान्यतासमेतलाई समेट्ने प्रयास गरेको छ । यस सिद्धान्तमा कुन्तकले वक्रोक्तिका विभिन्न छ भेद तथा तिनका उपभेदहरूको चर्चा गरेका छन् । यस लेखमा उनले प्रस्तुत गरेका वक्रोक्तिका छ भेदहरूमध्ये पदपूर्वार्द्धवक्रताका आधारमा सुप्रसिद्ध नेपाली कवि मोहन कोइरालाको नदी किनारका माझी लामो कविताको अध्ययन विश्लेषण गरिएको छ । यसका लागि सर्वप्रथम वक्रोक्तिसिद्धान्त र पदपूर्वार्द्धवक्रताको सङ्क्षिप्त सैद्धान्तिक चर्चा गर्दै विवेच्य कवितामा पदपूर्वार्द्धवक्रताको प्रगोग कसरी भएको छ भन्ने सन्दर्भलाई स्पष्ट पार्न उक्त कविताका कवितांशलाई उहाहरणका रूपमा प्रस्तुत गरी तिनमा पाइने पदपूर्वार्द्धवक्रताको अध्ययन विश्लेषण गरिएको छ । प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको प्रयोग गरी वर्णनात्मक पद्धतिअनुसार विवेच्य सामग्रीहरूको विश्लेषण गरिएको यस आलेख मूलतः निगमनात्मक पद्धतिमा आधारित छ । यस अध्ययनबाट कवि कोइरालाको विवेच्य कवितामा पूर्वीय काव्यशास्त्रमा वर्णित पदपूर्वार्द्धवक्रताको सफल र सार्थक प्रयोग भएको निष्कर्ष निकालिएको छ ।*

**ABSTRACT**

*Acharya Kuntak's theory of Vakrokti is considered to be a coherent theory in Eastern literature as it has tried to include the poetic values of the earlier Acharyas. In this theory, Kuntak discusses six different types of Vakrokti and its variants. In this article, the study-analysis of the well-known Nepali poet Mohan Koirala's long poem Nadi Kinar Ka Majhi*

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

*(Fisherman by the river bank) has been analyzed on the basis of Padapurvardha Vakrata among the six distinctions presented by him. For this, first of all, by briefly discussing the theory of Vakrokti and Padapurvardha Vakrata, the study of Padapurvardha Vakrata found in the poem has been analyzed by presenting the verses of the poem as examples to clarify the context of how Padapurvardha Vakrata has been used in the poem. This article is based on the deductive method, analyzing the material according to the descriptive method using materials from both primary and secondary sources. It is concluded that the poet Koirala's discerning poetry has successfully and meaningfully used the Padapurvardha Vakrata described in Eastern poetry.*

**शब्दकुञ्जी:** लामो कविता, वक्रोक्ति, *पदपूर्वार्द्धवक्रता*, प्रयोगवादी कवि ।

**Keyword:** *Long poems, Vakrpkti, Padapurvardha Vakrakta, experimentalist poet.*

## १. विषय परिचय

प्रस्तुत लेख *नदी किनारका माझी* कवितामा पदपूर्वार्द्धवक्रताको प्रयोग कुन रूपमा भएको छ भन्ने विषयसँग सम्बन्धित छ । वक्रोक्तिसिद्धान्त संस्कृत काव्यशास्त्रका प्रमुख काव्यसिद्धान्तमध्ये एक मानिन्छ । दसौँ-एघारौँ शताब्दीतिरका पूर्वीय आचार्य कुन्तक प्रतिपादित यो सिद्धान्त पूर्वीय काव्यशास्त्रको एउटा महत्त्वपूर्ण कार्य हो । मोहन कोइराला (वि.सं. १९८३-२०६५) आधुनिक नेपाली कविताको प्रयोगवादी धारा (वि.सं. २०१७-२०३५) का प्रवर्तक तथा यस धाराका केन्द्रीय कवि हुन् । नेपाली लामा कविताको विकासमा सङ्ख्यात्मक र गुणात्मक दुवै हिसाबले योगदान पुऱ्याउने प्रतिनिधि कविका रूपमा रहेका कोइरालाको एउटा लोकप्रिय लामो कवितालाई आजभन्दा झन्डै एक हजार वर्षअगाडि प्रतिपादन भएको वक्रोक्तिसिद्धान्तका आलोकमा अध्ययन विश्लेषण गरिनु आफैमा एउटा औचित्यपूर्ण र सान्दर्भिक कार्य ठहर्छ । यस विषयमा हालसम्म केही छिटपुट कार्य मात्र भएकाले पनि यस क्षेत्रमा बढीभन्दा बढी खोजअनुसन्धान गरिनु आवश्यक देखिएको हुँदा यो अध्ययन गर्न लागिएको हो । *नदी किनारमा माझी* कवितामा पदपूर्वार्द्धवक्रताको प्रयोग कसरी भएको छ भन्ने प्रश्नलाई मुख्य अनुसन्धान समस्या मानेर उक्त कवितामा पदपूर्वार्द्धवक्रताका विभिन्न भेदहरूको प्रयोगको खोजी गर्ने उद्देश्यले यो आलेख तयार पारिएको छ । यसर्थ शैक्षिक र प्राज्ञिक रूपमा पनि यो अध्ययन महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

## २. अध्ययन विधि तथा सीमा

प्रस्तुत लेख तयार गर्नका लागि पुस्तकालयीय सामग्री सङ्कलन पद्धतिको उपयोग गरिएको छ । यसका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएका छन् । साक्ष्य वा उदाहरणका रूपमा चयनित *नदी किनारका माझी* कविता प्राथमिक स्रोतको सामग्री हो भने वक्रोक्तिसिद्धान्तका विषयमा लेखिएका लेख, रचना, यस विषयममा भएका पूर्ववर्ती कार्यहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् । सामग्रीको विश्लेषणका लागि मूलतः वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यो लेखको अध्ययन ढाँचा निगमनात्मक रहे पनि कतिपय सन्दर्भमा यहाँ आगमनात्मक ढाँचाको समेत प्रयोग गरिएकाले यसको अध्ययन विधि मिश्रित रहेको छ । यो सीमित अध्ययन भएकाले यहाँ कोइरालाका सबै लामा कविताहरूको अध्ययन गरिएको छैन । कवितांशहरूको अध्ययनका लागि वक्रोक्तिसिद्धान्तअन्तर्गत पदपूर्वार्द्धवक्रताका प्रकारहरूलाई मात्र आधार बनाइएको छ । विवेच्य कवितांशमा रहेका पदपूर्वार्द्धवक्रताको खोजी गरी स्थापित सिद्धान्तका

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

आधारमा कवितामा प्रस्तुत पदपूर्वार्द्धवक्रतालाई प्रमाणित गर्ने पद्धति यस आलेखमा अपनाइएको छ। पदपूर्वार्द्धवक्रताबाहेक अन्य वक्रोक्तिका प्रकारहरूलाई अध्ययनमा समेटिएको छैन। सोद्देश्यमूलक नमुना छनोटका माध्यमबाट विवेच्य कविताको मात्र अध्ययन विश्लेषण गरिएका कारण यो गुणात्मक अध्ययन हो।

## ३. वक्रोक्तिसिद्धान्त र पदपूर्वार्द्धवक्रता

'वक्र' र 'उक्ति' दुई शब्दहरू मिलेर बनेको वक्रोक्ति शब्दको सामान्य अर्थ बाङ्गो, टेढो वा घुमाउरो कथन वा भनाइ हो। सुन्दा सामान्य लाग्ने भनाइभित्र निहित विशिष्ट अर्थ द्योतन गर्ने विशेषार्थ सङ्केतक उक्ति नै वक्रोक्ति हो। त्यसैले सामान्य वा लोकप्रचलित अभिधार्थक भनाइभन्दा भिन्न, विशिष्ट र चमत्कारपूर्ण कथनलाई वक्रोक्ति भन्न सकिन्छ। ... अर्को शब्दमा त्यस्तो काव्य कथन जसले अलौकिक चमत्कार उत्पन्न गराउँछ त्यसैको नाम वक्रोक्ति हो। सौन्दर्य, विच्छिति, भङ्गी वा अन्य जे नाम दिए पनि त्यसले यसै घुमाउरोपनतिर सङ्केत गरेको हुन्छ (भँडारी, २०५५, पृ. ७३४)। कुन्तकका दृष्टिमा काव्यको आत्मा भनेको वक्रोक्ति हो। यसै काव्यात्मका रूपमा वक्रोक्तिको परिभाषा गर्दै कुन्तक भन्छन्– वक्रोक्ति प्रसिद्धाभिधानव्यतिरेकिणी विचित्रैवाभिधा। कीदृशी वैदग्ध्यभंगीभणितिः। वैदग्ध्यं विदग्धभावः, कविकर्मकौशलं, तस्य भंगी विच्छतिः, तया भणितिः। विचित्रैवाभिधाः वक्रोक्तिरित्युच्चये (नगेन्द्र, सम्पा. भूमिका, सन् १९५५, पृ. ३१)। अर्थात् प्रसिद्ध उक्तिभन्दा भिन्न विचित्र अभिधा अर्थात् वर्णनशैलीलाई वक्रोक्ति भनिन्छ। वैदग्ध्यपूर्ण शैलीका माध्यमबाट व्यक्त उक्ति नै वक्रोक्ति हो। वैदग्ध्यको आशय हो– विदग्धता, कविकर्मकौशल, उसको भङ्गिमा वा शोभा (चारुता), त्यसका आधारमा भनिएको उक्ति (वक्रोक्ति हो)। विचित्र अभिधाको नाम नै वक्रोक्ति हो। यसरी स्वयम् कुन्तकले वाणीवैदग्ध्य अर्थात् कथनको रमणीयतालाई वक्रोक्ति स्वीकार गरेको देखिन्छ। 'रत्न बृहत् नेपाली समालोचना'मा वक्र र उक्ति दुई शब्द मिलेर वक्रोक्ति बन्दछ। वक्र भनेको बाङ्गो वा टेढो हो भने उक्ति भनेको कथन वा भनाइ हो। यसैलाई अलि व्यापक अर्थमा हेर्ने हो भने वक्रोक्ति भनेको घुमाउरो वा परिहासपूर्ण वा चातुर्यपूर्ण वा आह्लादात्मक उक्ति भन्ने बुझिन्छ भनेर वक्रोक्तिलाई चिनाइएको छ (पौडेल, २०७६, पृ. ६०४)।

निष्कर्षतः सामान्य लोकप्रचलित कथनभन्दा भिन्न अर्थ दिने विशिष्ट र वाक्चातुर्यपूर्ण उक्ति नै वक्रोक्ति हो र यो पूर्वीय काव्यशास्त्रको एउटा समन्वयशील समालोचना पद्धति हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

## ३.१ पदपूर्वार्द्धवक्रता

आचार्य कुन्तकले वक्रोक्तिका विभिन्न छ प्रमुख भेदहरू बताएका छन्- वर्णविन्यासवक्रता, पदपूर्वार्द्धवक्रता, पदपरार्द्धवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रता। वक्रोक्तिका यी भेदप्रभेदलाई आधार बनाएर काव्यसाहित्यका सबै संरचनाहरूको वस्तुनिष्ठ अध्ययन विश्लेषण गर्न सकिने कुन्तकको धारणा छ। पदका प्रकृति र प्रत्यय दुई खण्ड हुन्छन्। प्रकृतिलाई पूर्वार्द्ध खण्ड भनिन्छ र प्रत्ययलाई उत्तरार्द्ध खण्ड। पदको पूर्वार्द्ध भाग वा प्रकृति अर्थात् धातु र प्रातिपदिकका तहमा देखा पर्ने उक्तिगत सौन्दर्य पदपूर्वार्द्धवक्रता हो। पदपूर्वार्द्धवक्रताको अभिप्राय प्रातिपदिक तथा धातुको अथवा यसो भनौँ- मूलशब्दको वक्रता हो (कुन्तक, सन् १९५५, पृ. २४१)।

भाषामा वर्णहरूको संयोजनबाट पदको निर्माण हुन्छ। पाणिनिको अष्टाध्यायी व्याकरणअनुसार सुवन्त र तिङन्तको पद संज्ञा हुन्छ। पदका दुई भागमध्ये पूर्वार्द्धलाई 'प्रकृति' भनिन्छ र उत्तरार्द्धलाई 'प्रत्यय' भनिन्छ। 'प्रकृति'मा 'धातु' र 'नाम' दुवैको समन्वय हुन्छ। 'नाम'लाई 'प्रातिपदिक' पनि भनिन्छ। प्रातिपदिक सुवन्त हुँदा र धातु तिङन्त हुँदा 'पद' बन्दछन्। यस प्रकार 'प्रातिपदिक' र 'धातु'गत वक्रता नै पदपूर्वार्द्धवक्रता हो (त्रिपाठी, सन् २००१, पृ. ३९०)। त्यसैले पदपूर्वार्द्ध अर्थात् पदको पूर्वभागमा रहने प्रातिपदिक तथा धातुको समुचित विन्यासका कारण सिर्जना हुने काव्यसौन्दर्य नै पदपूर्वार्द्धवक्रता हो। धातु वा प्रातिपदिकका कारण काव्यमा आउने चमत्कारलाई पदपूर्वार्द्धवक्रता भनिन्छ

*International Research Journal of MMC (IRJMMC)*
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

(वर्मा, २०१३, पृ. १७६) । यसको (पदपूर्वार्द्धवक्रता) अभिप्राय हो पदको पूर्वभागमा रहने वक्रता । यसमा मूल शब्द प्रयोगकौशल तथा त्यसका विशेषताद्वारा नवीन अर्थको द्योतन गर्ने काम हुन्छ । यसलाई प्रातिपदिक वा धातुमूल भएकाले प्रकृतिवक्रता पनि भन्न सकिन्छ (उपाध्याय, २०५५, पृ. २२४) ।

वाक्यमा प्रयुक्त शब्द नै पद हुन् । पदका पूर्वार्द्ध र उत्तरार्द्ध दुई भाग हुन्छन् । यिनलाई क्रमशः प्रकृति र प्रत्यय पनि भनिन्छ । प्रकृतिभित्र प्रातिपदिक वा सर्गविहीन शब्द र धातु पर्दछन् । यिनै प्रकृति अर्थात् धातु र प्रातिपदिकमा देखा पर्ने काव्यसौष्ठव वा विशेष उक्तिगत सौन्दर्यलाई पदपूर्वार्द्धवक्रता भनिन्छ । पदपूर्वार्द्धवक्रताको अभिप्राय प्रातिपदिक तथा धातुको अथवा यसो भनौँ मूलशब्दको वक्रता हो (नगेन्द्र, १९५५, पृ. २४१) । कुन्तकले पदपूर्वार्द्धवक्रताका निम्न आठ प्रकारहरूको उल्लेख गरेका छन् : रुढिवैचित्र्यवक्रता, पर्यायवक्रता, उपचारवक्रता, विशेषणवक्रता, संवृत्तिवक्रता, लिङ्गवैचित्र्यवक्रता, वृत्तिवक्रता र क्रियावैचित्र्यवक्रता ।

यीबाहेक कुन्तकले पदपूर्वार्द्धवक्रताअन्तर्गत भाववैचित्र्यवक्रताको समेत चर्चा गरेका भए पनि यो मूलतः क्रियावैचित्र्यवक्रतामा समेटिन सक्ने देखिन्छ । आचार्य कुन्तकले पदपूर्वार्द्धवक्रताका यी आठै प्रकारको व्याख्या 'वक्रोक्तिजीवितम्'मा सविस्तार गरेका छन् । उनले पदपूर्वार्द्धवक्रताका कतिपय भेदका उपभेदको समेत परिचर्चा गरेका छन् । यस अध्ययनमा भने पदपूर्वार्द्धवक्रताका प्रमुख आठ भेदहरूलाई मात्र विश्लेषणको आधार बनाइएको छ ।

## ४. विषय विश्लेषण

कुन्तक प्रतिपादित पदपूर्वार्द्धवक्रताका यी आठओटै प्रकारहरूको प्रयोग यथास्थानमा भएको छ । यस्तो प्रयोग र त्यसबाट काव्यमा सिर्जित सौन्दर्यलाई विवेच्य कविताका विभिन्न साक्ष्यहरूका साथ छुट्टाछुट्टै विश्लेषण गर्न सकिन्छ ।

### ४.१ नदी किनारका माझी कवितामा रुढिवैचित्र्यवक्रता

शब्दले दिने मुख्यार्थ नै 'रुढी' हो । यसलाई वाच्यार्थ, कोशीय अर्थ वा अभिधार्थ पनि भनिन्छ । लेखकले रूढ शब्दका माध्यमबाट कुनै विशेष वा चमत्कारपूर्ण अर्थ उद्घाटन गराउँछ भने त्यसबाट सिर्जना हुने वक्रतालाई रुढिवैचित्र्यवक्रता भनिन्छ । सामान्य अर्थमा प्रयोग हुने कुनै शब्दलाई विशेष अर्थमा प्रयोग गर्नु नै रुढिवैचित्र्यवक्रता हो ।

यत्र रुढेरसम्भाव्यधर्माध्यारोपगर्भता ।
सद्धर्मातिशयारोपगर्भत्वं वा प्रतीयते ॥
लोकोत्तरतिरस्कारश्लाध्योत्कर्षाभिधित्सया ।
वाच्यस्य सोच्चते कापि रुढिवैचित्र्यवक्रता (कुन्तक, सन् २०१४, पृ. १५७) ।

अर्थात् जहाँ अर्थको अलौकिक तिरस्कार वा उत्कर्ष प्रशंसाको आयोजनाका लागि रुढिका माध्यमबाट कुनै असम्भाव्य धर्मको आरोप गरेर त्यसको निन्दा वा प्रशंसा गरिन्छ या विद्यमान धर्मको अतिशयको आरोप गरेर सारगर्भित रूपमा कथन गरिन्छ र त्यसको परिणामस्वरूप उक्तिमा अपूर्व स्वरूप आउँछ त्यहाँ रुढिवैचित्र्यवक्रता हुन्छ । रुढिवैचित्र्यवक्रता भनेको साहित्यिक कृतिका पद एवं पदावली स्तरमा निहित त्यस्तो सौन्दर्य वा विच्छिति हो जसमा कुनै लोकोत्तर चमत्कार उत्पन्न गर्नका लागि कुनै रूप र अर्थलाई कुनै अन्य अर्थमा आरोप गरिन्छ (शर्मा, २०७४, पृ. ६४) । विवेच्य कवितामा यस प्रकारको वक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) त्यसैले त माछो दौडिएको छ पानी, पानी
दुवैको रमाइलो जमघट हो खोला
माझी <u>कथा</u> <u>उपकथा</u> माछाका <u>पुराण</u>मा
दुवैको खस्नु र फस्नुहरू लेखिदिएको निश्चत विधिमा

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

मझिनी खेल्ने पानी भागवतको कागजमा
(कोइराला, २०६०, पृ. ७८)

ख) खयर र तित्रीले ओझेल पारेपछि, पिठिउँपछाडि
जति कुरा काटे पनि काट लौ लाटा माझी हो !
आपसमा माझी माझीलाई भन्छ
अघि जिब्रोमा काई जमेको थियो, अब के हुन्छ माझी हो बोल
खुट्टा काम्छ सामु बोल्न, मुखियासँग मात्र होइन
अरु मानिससँग पनि, लाटा माछा खोलामा पारेजस्तो छैन सजिलो बोल्न
(कोइराला, २०६०, पृ. ८३-८४)

ग) अबेरसम्म हिँडेर गुफामा बास बसेका उदेकले
कराउँछन् गुफाबाट
आधिरातमा जाल खेल्ने बानी त राम्रो होइन
माझी हाँस्छ किनार किनार लागेर बोल्दैन हाँस्छ
गाउँमा अनिकालको गीत पसेको छ
पेटको सारङ्गी बोकेर माझी गीत गाउन हिँडेको छ
(कोइराला, २०६०, पृ. ८४-८५)

माथिको कवितांश 'क' मा आएका *कथा उपकथा, पुराण* र *भागवत* जस्ता शब्दहरूले हिन्दु धर्मका ग्रन्थविशेषलाई नजनाएर निम्नवर्गीय माझी जीवन कथाव्यथा तथा तिनको जटिल जीवनसन्दर्भलाई जनाएका छन्। यसबाट यी शब्दहरूको रूढ अर्थ, कोशीय अर्थ वा अभिधार्थ बाधित भई अन्यार्थ ध्वनित भएको छ। त्यसैगरी उदाहरण 'ख' मा आएका *लाटा* र *मुखिया* शब्दले क्रमशः शारीरिक रूपमा बोल्न असमर्थ र गाउँको मूल व्यक्ति वा अगुवा भन्ने अर्थलाई छोडेर शोषक, सामन्त र पीडक भन्ने अर्थलाई सङ्केत गरेका छन्। त्यस्तै उदाहरण 'ग' मा आएका *गीत* र *सारङ्गी* शब्दहरूले आफ्नो मूल अर्थभन्दा फरक पीडाका सुस्केरा तथा भोको पेट जस्ता विशेषार्थको द्योतन गरेका छन्। यी शब्दहरूका कारण एकातिर कविताको भाव गहन बनेको छ भने अर्कातिर उक्तिमा चमत्कार पनि सिर्जना भएको छ। यस्तो प्रयोग यस लामो कवितामा अन्यत्र पनि पाइने भएकाले विवेच्य कवितामा रुढिवैचित्र्यवक्रताको प्रयोग सशक्त ढङ्ले भएको पाइन्छ।

## ४.२ नदी किनारका माझी कवितामा पर्यायवक्रता

पर्यायमा आधारित वक्रतालाई पर्यायवक्रता भनिन्छ र समानार्थी शब्दको प्रयोगसँग सम्बन्धित हुन्छ। विषयलाई थप आकर्षक वा रमणीय बनाउनका लागि कविले कुनै विशेष पर्यायको प्रयोग गर्दा पर्यायवक्रता देखा पर्छ ('हिरा', सन् १९७५, पृ. २४७)। त्यसैले पर्यायवाची वा समानार्थी शब्दमध्ये उपयुक्त शब्दको चयन र प्रयोगबाट पदको प्रकृतिखण्डमा देखिने काव्यात्मक चमत्कार नै पर्यावक्रता हो। *नदी किनारका माझी* कवितामा पर्यायवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) माझी एउटा वैष्णव हुन्छ, व्रत बस्दा
जाँड मात्र पिएको बेला शैव हुन्छ
खोलामा फूल तार्ने ताकमा डोरीमा बाबियो थपेको बेला
लालुपातेमा सयपत्री उनेर अबिर लरबर मुछेको बेला
बस्छ उन्छ, स्वप्निल सरातका सरारतपूर्ण गीत र नृत्यमा
सुसेलो सुकेका मनका रससँग भग्न हृदय

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

छातीभर बह अँगालेर
(कोइराला, २०६०, पृ. ८५-८६)

ख) छहरा र झोराको पानी हलुङ्गो लाग्छ वसन्तमा
जाडो छल्न ग्रीष्मका चराहरू किनारमा आउँछन्, अहिले चिसो छ
वेगसँग उड्ने रजहंस बिनाभिसा मानसरोवर जान्छ टेक्न
खोला र पहाडको नेटो काटेर
(कोइराला, २०६०, पृ. ८६)

ग) बिहान बिहान माझीको सूर्य निक्लँदा पहाडमा प्वाल परेको छ
माझीहरू विश्वास फुकेर पहेँला अक्षता हावामा फेक्तै छन्
अन्धविश्वास विश्वासमा विरान भएको रहेछ माझी सीप्त
सोध्दा भन्छौ पानीको साँधिबना बाँच्तैन माझी, म मान्दिनँ
कोही तिमी आज पनि किन सङ्कीर्ण विश्वास रोपेका छौ
के त अभाव र अन्धविश्वास पिएर माझी आज पनि बाँच्छ
(कोइराला, २०६०, पृ. ८८)

माथिको कवितांश 'क' मा आएका *सरात*, *सुसेलो र बह* शब्दहरू मध्ये सरातको अर्थ अन्त्येष्टि क्रिया, सुसेलोको अर्थ खुसीमा ओठ गोलो पारेर सास फुकी निकालिने आवाज र बहको अर्थ पीर हो । यी शब्दका अन्य पर्यायहरू रहँदारहँदै पनि कविले कवितामा स्वाभाविकता सिर्जनाका लागि यिनै शब्दहरूको चयन गरेका छन् । उदाहरण 'ख' मा आएका *झोरा, ग्रीष्म* र *नेटो* शब्दहरूको अर्थ क्रमशः औलो लाग्ने जङ्गल, गर्मी र डाँडो हुन् । यिनका पनि अन्य पर्याय हुँदाहुँदै कविले तिनै शब्दलाई कवितामा प्रयोग गरेका छन् । त्यस्तै उदाहरण 'ग' मा पनि *सूर्य, प्वाल, अक्षता* र *सङ्कीर्ण* शब्दहरूको प्रयोग कविले अनेक विकल्पमध्ये छनोट गरेर गरेको देखिन्छ । यी शब्दहरूको प्रयोगका कारण कविता माझी समाज र संस्कृतिको नजिक पुगेको छ भने यसबाट काव्याभिव्यक्ति समेत सघन र प्रभावकारी बनेको छ । त्यसैले माथिका तीनओटै कवितांशमा अधोरेखाङ्कित शब्दहरूका कारण कवितामा पर्यायवक्रता सिर्जना भएको देखिन्छ ।

## ४.३ नदी किनारका माझी कवितामा उपचारवक्रता

एकअर्काभन्दा नितान्त भिन्न कुनै दुई वस्तुका बिचमा रहेका न्यून समानताका आधारमा एउटा वस्तुको गुण वा धर्मलाई अर्को वस्तुमा आरोप गर्दा उपचारवक्रता हुन्छ । यस्तो वक्रताको प्रयोग प्रकृतिको मानवीकरण गर्ने क्रममा निकै सुन्दर रूपमा देखा पर्दछ । यस प्रकारको आरोप अचेतन वस्तुमा सचेत वस्तुको पनि हुन सक्छ । यसरी उपचारवक्रतामा सादृश्यमूलक अलङ्कारहरू सजिलै समावेश हुन जान्छन् (वर्मा, सन् २०१३, पृ. १७६) । गुण र धर्मका दृष्टिले एकआपसमा भिन्न वस्तु भए पनि तिनीहरूका बिचमा रहेको अत्यन्तै गौण समानताका माध्यमबाट एउटा वस्तुको गुण तथा धर्मलाई अर्को वस्तुमा आरोप गरेर प्रस्तुत गरिने काव्यचारुता नै उपचारवक्रता हो । *नदी किनारका माझी* कवितामा उपचारवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) चखेवा बनेर, ओद बनेर वा जलेवा बनेर
गहिरो पानीमा अरुले नसक्ने कुरा माझी गर्छ
गँगटा बनेर होस् घुँगी बनेर
चिप्लिँदा घस्रिँदाको कछुवा बनेर पनि खेल्न पर्छ
पहाडी खोलामा मनोरञ्जन दिन पर्छ अरुका लागि
कति सजिलो छ बाजीमा माझी डाक्न
कति सजिलो छ सबै हारेर माझी बन्न

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

(कोइराला, २०६०, पृ. ८७)

ख) ढुङ्गा बटुलेर खेल्छन्, बटुलेको ढुङ्गा फ्याँकेर खेल्छन्
माझीको काम खेल्न दिनु हो खोलामा
या बालकको काम दिनभर चराउनु घरबाट लगेर
फर्काएर डुलाएर अघाएपछि घरमा ल्याउनु
पिपिरामा चराउनु प्राथमिक शिक्षा, माझीको
अलि ठुलो भएपछि झाडी झाडी सरात गाउँदै मादल ठोक
माध्यमिक जाँच हो बच्चाको शिक्षाको
भेडा चर्न उत्तम छ छैन त्यस्तो ठाउँ खोजी गर्नु स्नातक उत्तीर्ण
पानीका काला काला फोकामा नाङ्गै बच्चा हाम्फाल्छ भने
विशेष शिक्षा हुन् माझीका
बैता लागेको डुङ्गा लागेको दिन स्नातकोत्तर पुग्नु माझी युवक
ढल्केको पार गर्नु अलपत्रेको बटुवा बचाउनु
रात बिहान नभनी वारपार गर्नु वारपार गर्नु
डाक्टरेट गर्नु हो माझीको
(कोइराला, २०६०, पृ. ९०)

ग) हामीभन्दा जेठा घाम छल्ने पहरामा
तिम्रा युगका ज्वार लुकेका छन् पानीमा
अर्धनग्न तन बाटो काट्ने यात्रु पिउँछ बात मार्न
एकछिन जिन्दगीका उराठ लाग्दा पल छल्न
बाटोको थकाइ छिनभर बिर्सेर
यो पसल होइन यात्रुहो, मिझनीको अश्रु डबको हो !
खोलाबाट अर्थशास्त्रको ठेली बग्न लागेको छ
माझी त्यै शास्त्र टिप्न फर्काउन डुङ्गा हाँक्छ, खोलामा
(कोइराला, २०६०, पृ. ९३)

माथिको उदाहरण 'क' मा माझी अर्थात् मानिस चखेवा, ओद, जलेवा, गँगटा, घुँगी, कछुवा आदि बनेको सन्दर्भले फरक प्राणीहरूका गुण तथा धर्मलाई आरोपित गरेको छ । किनभने माझी वा मानिस चखेवा, ओद, जलेवा, गँगटा, घुँगी, कछुवा आदि किमार्थ बन्न सक्तैन । उदाहरण 'ख' मा माझी उमेरक्रम र ती ती उमेरमा उनीहरूले सिक्ने जीवनोपयोगी सिपलाई औपचारिक शिक्षाका विभिन्न तहहरूसँग तुलना गरिएको छ । यसमा पनि फरक गुण र धर्म भएका वस्तुका विशेषतालाई एकअर्कामा आरोपित गरिएको छ । त्यसैगरी उदाहरण 'ग' मा पहरा र माझीको उमेरको तुलना, मझिनीको पसललाई अश्रु डबकाका रूपमा गरिएको आरोप र खोलामा बग्न लागेको अर्थशास्त्रको ठेलीलाई टिप्न माझीले माझीले डुङ्गा हाँकेको सन्दर्भबाट फरक गुणधर्मका वस्तुहरूबिच एउटाको गुण अर्कोमा आरोपित पनि गरिएको छ साथै पसललाई अश्रु डबकासँग तुलना गर्दा अमूर्तको मूर्तीकरण पनि भएको छ । त्यसैले यी कवितांशमा उपचारवतक्रता सिर्जना भई काव्यचमत्कार देखा परेको छ साथै अभिव्यक्तिमा सघनता पनि थपिएको छ ।

### ४.४ नदी किनारका माझी कवितामा विशेषणवक्रता

काव्यमा प्रयोग भएका विशेषण शब्दहरूका माध्यमबाट सिर्जना हुने काव्यात्मक चमत्कार नै विशेषणवक्रता हो । जहाँ कारक वा क्रियाको महात्म्य वा प्रभावबाट वाक्यको सौन्दर्य प्रस्फुटित हुन्छ त्यहाँ विशेषणवक्रता हुन्छ (नगेन्द्र, सन् १९५५, पृ. ७२) । विशेषणवक्रतामा विशेषण शब्दको प्रयोगबाट विशेष प्रकारको चमत्कार सिर्जना गर्ने प्रयास गरिन्छ ।

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

जहाँ विशेषणको विशिष्ट प्रयोगका कारण अभिव्यक्तिमा चमत्कार उत्पन्न हुन्छ त्यहाँ विशेषणवक्रता हुन्छ (वर्मा, सन् २०१३, पृ. १७७)। कुन्तकले विशेषण औचित्यपूर्ण हुनुपर्ने, प्रस्तुत प्रसङ्गअनुकूल हुनुपर्ने, रस, वस्तुभाव र अङ्कारहरूको पोषक हुनुपर्ने बताएका छन्। यस्तो नभएमा विशेषण भारस्वरूप बन्न जान्छ र काव्यसौन्दर्य नै खल्बलिन पुग्दछ भनेर (खनाल, २०६८, पृ. ६०) ले उल्लेख गरेका छन्। आचार्य कुन्तकले विशेष्यपदको विशेषता बताउने र क्रियाको विशेषता बताउने आधारमा विशेषणवक्रतालाई विशेष्यविशेषणवक्रता र क्रियाविशेषणवक्रता गरी दुईओटा उपभेदमा विभाजन गरेका छन्। *नदी किनारका माझी* कवितामा विशेषणवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) बल्झाउन सकिन्छ कि शकुनिका जुवाहरू
बल्झाउन सकिन्छ कि पानीका खालहरू
च्याँखे थापेर समय, च्याँखे थापेर निर्णय
कौडा फ्याँक्तै टिम्रै नाङ्गो तिघ्रा खेल्दै छ माझी
जालले ढाक्ता नभएर खुङाले छोप्ता नभएर
नछोपी नहुने मझिनीका मानसिक स्थितिहरू
आज पनि खेले माझीले फ्याँकेर
अनन्त पानीमा कौडा
(कोइराला, २०६०, पृ. ७८)

ख) माछाले नबुझ्ने गीतमा नाच, पहाडले नबुझ्ने गीतमा नाच
वय र उमेरले राता भएका मझिनी चलन
बालुवा बालुवा गिरखा गिरखा
पाइला गाडेर नाच
जाँड रक्सीमा मदहोस कम्मर
मझिनी भङ्गिमा बोकेर नाच
(कोइराला, २०६०, पृ. ७९-८०)

ग) गाउँले हो पर्दा छ, आँखामा बाक्लो पर्दा छ
भाग्यमा चुकुल हालेर झुलको खोलले ढाकेको छ
लाटा त लाटा छन् यिनीहरू, पूर्णे औँसी खुट्याउन असमर्थ
एकैपल्ट सात बार भन्न नजान्ने गन्न,
गाउँमा थपना गर थपुवा आँखा देवी प्रकोप भएको,
(कोइराला, २०६०, पृ. १००)

माथिको उदाहरण ‘क’ मा अएका *नाङ्गो* र *मानसिक* विशेषण शब्दहरू हुन्। यहाँ पहिलो विशेषणले माझीको दरिद्रतालाई सङ्केत गर्छ भने दोस्रोले मझिनीका पीडा, सन्ताप, उनीहरूका मनोशारीरिक अवस्था तथा समग्र माझी जीवनको दयनीयतालाई सङ्केत गर्छ। यी शब्दहरू निकै सचेतापूर्वक कवितामा प्रयोग गरिएका छन्। यो पङ्क्तिपुन्जबाट नै कविताको सुरुवात गरिएको छ र यसले पाठकलाई बाँध्ने काम पनि गरेको छ। वय र उमेरले राता भएका मझिनी चलनमा आएको *राता* विशेषण शब्दले केवल रङविशेषलाई मात्र सङ्केत नगरेर मझिनीका लज्जा, बैँस, प्रेमकर्षण आदिलाई समेत जनाएको छ। त्यसैगरी उदाहरण ‘ग’ आएका *बाक्लो* र *लाटा* विशेषणले पनि आफ्नो मूल अर्थभन्दा भिन्न भएर माझीहरूको सरलता, सोझोपन, इमानदारिता आदिलाई सङ्केत गरेका छन्। सबै पङ्क्तिहरूमा यी विशेषणहरूको प्रयोग निकै सुझबुझपूर्ण ढङ्गले गरिएको छ। यसबाट कविताको वर्ण्यविषय प्रभावकारी बनेको छ। त्यसैले यी उदाहरणमा विशेषणवक्रताको सुन्दर प्रयोग भएको देखिन्छ।

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

## ४.५ नदी किनारका माझी कवितामा संवृत्तिवक्रता

संवृत्ति भनेको ढाकछोप गर्नु वा लुकाउनु हो । उक्तिमा भङ्गिमा वा नयाँ अर्थदीप्ति सिर्जना गर्ने उद्देश्यले सर्वनाम आदिको प्रयोगद्वारा कुनै कुरालाई लुकाइन्छ भने त्यहाँ संवृत्तिवक्रता हुन्छ (वर्मा, सन् २०१३, पृ. १७७) । त्यसैले संवृत्तिवक्रता भनेको कुनै लुप्त विशेष शब्दमा रहेको सौन्दर्यलाई सर्वनाम आदि अन्य शब्दको प्रयोगबाट प्रस्तुत गर्दा सिर्जना हुने चमत्कार वा काव्यसौन्दर्य हो । वैचित्र्य कथनको इच्छाबाट जहाँ वस्तुलाई कुनै सर्वनाम आदिद्वारा लुकाइन्छ त्यहाँ त्यसलाई संवृत्तिवक्रता भनिन्छ (कुन्तक, सन् २०१४, पृ. १८३) । काव्यमा विशेष अर्थ सिर्जनका लागि कुनै शब्दलाई लुकाएर सर्वनामका माध्यमबाट त्यसलाई सङ्केतित गर्दा संवृत्तिवक्रता उत्पन्न हुन्छ । संवृत्तिको अर्थ हो गोप्य राख्नु वा लुकाउनु । सौन्दर्य वा वैचित्र्य प्रतिपादनका लागि सर्वनाम वा अन्य कुनै शब्दद्वारा वस्तुलाई गोप्य राखेमा संवृत्तिवक्रता हुन्छ (खनाल, २०६८ पृ. ६१) । *नदी किनारका माझी* कवितामा संवृत्तिवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) पछारिँदा पछारिँदै भात र तिहुन बन्न पछारिन्छ
सर्वविदित छ माझी हाँसेको हुन्छ त्यो बुझेर
सर्वलोलुप हाँसेकी हुन्छे मझिनी टिर्पिंदैन यहाँ आएर माछा
दिनहुँ खनिँदा खनिँदा सकिँदैन माझीको सिकार
(कोइराला, २०६०, पृ. ८१)

ख) मसिना झ्याउ र ढुङ्गे पत्र त यो होइन
सहर अन्तै छ झ्याउ र जलुकोको बगैँचामा
खोलाको कुर यो होइन यो मान्छेको गाउँ पो हो त
यस ओभानोमा माछा पारिदिने देवी बसेकी छन्
यस गाउँमा बल्छी र माछा पारिदिने देवता बसेका छन्
(कोइराला, २०६०, पृ. ८२)

ग) देवी खुस छन् छैनन्, बल्झेको छ छैन भाग्य,
खोला बगेको सुनिन्छ एकपल्ट, पानी बगेको देखिन्छ अर्को पल्ट,
क्रुद्ध राक्षस लाग्छ लाग्दैन पानी अब एकपल्ट छचल्केको छ
सन्तोषले सक्छ सक्तैन यस स्थलमा माझी बस्न
(कोइराला, २०६०, पृ. १००)

माथिको कविताांश 'क' अएको *त्यो* सर्वनामभित्र माझीले चाहेजति वा त्यसभन्दा पनि बढी माछा मार्न सकेको दिन ऊ र उसको परिवनरमा सञ्चरित हुने अपार खुसी र आनन्दको अनुभूतिको प्रकटीकरण पाइन्छ । त्यसैगरी उदाहरण 'ख' मा दोहोरिएर आएका *यो* र *यस* सर्वनामहरूले माझीका लागि खोला र खोलामा पाइने माछा नै सबै थोक हुन् । त्यसभन्दा बाहेक उनीहरूका उनी सपना छैनन् । माझीहरूका लागि खोला नै गाउँ हो, सहर हो, देवीदेवता हुन् भन्ने अर्थलाई लुकाएर प्रस्तुत गरेको छ । उदाहरण 'ग' मा आएको *यस* सार्वनामिकले मुखियाको अत्याचारका कारण गाउँमा बस्न कठिन भएको भन्ने अभिव्यक्तिमार्फत् तत्कालीन अनुदार पञ्चायती व्यवस्थाका नाइकेहरूमाथि अप्रत्यक्ष ढङ्गले व्यङ्ग्य गरिएको छ । त्यसैले यी कविताांशमा संवृत्तिवक्रता सिर्जना भएको छ जसले कवितालाई थप संवेद्य बनाएको छ ।

## ४.६ *नदी किनारका माझी* कवितामा लिङ्गवैचित्र्यवक्रता

लिङ्ग प्राणीवर्गको पुरुष वा स्त्रीजातिसूचक व्याकरणिक कोटिको सङ्केतक हो । लिङ्गको विशिष्ट प्रयोगबाट काव्यमा सिर्जना हुने चमत्कारलाई कुन्तकले लिङ्गवैचित्र्यवक्रता भनेका छन् । लिङ्ग (स्त्रीलिङ्ग, पुलिङ्ग एवं नपुंसक लिङ्ग) को विशिष्ट प्रयोगका कारण उत्पन्न हुने चमत्कार (रमणीयता) लाई लिङ्गवैचित्र्यवक्रता भनिन्छ ('हिरा', सन्

International Research Journal of MMC (IRJMMC)
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

१९७५, पृ. २५१ – २५२)। काव्यमा कतिपय अवस्थामा पुलिङ्गी रूपको प्रयोग गर्नुपर्ने स्थानमा कविहरूले काव्यशोभा वृद्धिका लागि स्त्रीलिङ्गी रूपको प्रयोग गर्ने गरेको पाइन्छ, यसलाई लिङ्गवैचित्र्यवक्रता भनिन्छ। त्यसैले लिङ्गप्रयोगमा आधृत सौन्दर्यलाई लिङ्गवैचित्र्यवक्रता भन्न सकिन्छ। लिङ्गको चमत्कारपूर्ण प्रयोगद्वारा सृजित सौन्दर्य नै लिङ्गवैचित्र्यवक्रता हो (खनाल, २०६८, पृ. ६२)। कुन्तकले विभिन्न लिङ्गको समानाधिकरणद्वारा, विशेष परिस्थितिमा स्त्रीलिङ्गको प्रयोगद्वारा तथा विशिष्ट लिङ्गको प्रयोगद्वारा लिङ्गवैचित्र्यवक्रता सिर्जना हुने धारणा व्यक्त गरेका छन्। *नदी किनारका माझी* कवितामा लिङ्गवैचित्र्यवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) आज किन निस्केन ढोकाबाट नियतिको खोला रमाउन
घरकीसँग ठोकाबाजीमा छिमेकिनीसँग ठोकाबाजीमा
निस्केन,
गँगटा खेल पानीमा झिङे खेल
(कोइराला, २०६०, पृ. ७८)

ख) सहर पोथी सहर माछासँग, जलकपुर पोथी जलकपुर माछासँग
रहुको भाले रहसँग
कुद्रे उफ्रने खेलहरू मनमोजले खेल
क्रिकेट र भकुन्डो भने तिम्रो पानी खेलमा छैन
(कोइराला, २०६०, पृ. ७९)

ग) अर्का पशुपक्षी हल्का पानीको तरेली खेल्न निस्कन्छन्
माझी हाँस हँसिनी जस्तो कहाँ जाओस् उडेर
गाउँ हिँडेर गाउँमै बस्छ
पखेटा छैन उडोस् भने, जाओस् कतै वेग छैन
(कोइराला, २०६०, पृ. ८६)

माथिको कवितांश 'क' प्रयुक्त *छिमेकिनी* शब्दलाई छिमेकी शब्दको स्त्रीलिङ्गीका रूपमा प्रस्तुत गरिएको छ। खासमा यो शब्द प्रचलित शब्द हैन तर कवितामा यो शब्दको प्रयोगले लिङ्गवैचित्र्यवक्रता सिर्जना गरेको छ। उदाहरण 'ख' का कवितांशमा पनि माछाको लिङ्ग सङ्केत गर्नका लागि कविले *पोथी* शब्द प्रयोग गरेका छन्। सामान्यतः माछालाई भाले माछा वा पोथी माछा भनेर त्यतिसाहो भाषिक व्यवहार गरिन्न। अर्को उदाहरण 'ग' मा हाँसको स्त्रीलिङ्गी सङ्केतकका रूपमा कविले *हँसिनी* शब्द प्रयोगमा ल्याएका छन्। माछा जस्तै हाँसलाई पनि हँसिनी भनेर स्त्रीलिङ्गीकृत गरी प्रयोग गर्ने चलन पनि खासै छैन। यसरी कविले कवितामा समान्य प्रयोगव्यवहारभन्दा भिन्न शब्दहरूलाई स्त्रीलिङ्गीकृत गरी प्रयोग गरेका कारण यहाँ लिङ्गवैचित्र्यवक्रता सिर्जना भएको छ।

## ४.७ नदी किनारका माझी कवितामा वृत्तिवक्रता

पदपूर्वार्द्धवक्रतामा वृत्ति सम्बन्ध कोमला, उपनागरिका आदि वृत्तिहरूसँग नभएर समास, कृत् प्रक्रिया, तद्धितप्रक्रिया, नामधातुजस्ता शब्दनिर्माणका प्रक्रियासँग सम्बन्धित छ। शब्दव्युत्पादनका यस्ता प्रक्रियाबाट निर्मित शब्दका माध्यमबाट प्रस्तुत हुने वैचित्र्यलाई कुन्तकले वृत्तिवक्रता भनेका छन्। तद्धित प्रक्रिया, कृत् प्रक्रिया र समास प्रक्रियालाई व्याकरणले शब्दनिर्माणका वृत्ति मानेको छ र यिनै प्रक्रियाबाट निर्माण हुने तद्धितान्त, कृदन्त, समस्त शब्द तथा नामधातुको प्रयोगबाट काव्यमा देखा पर्ने उक्तिगत विचित्रता वा सौन्दर्यलाई वृत्तिवक्रता भनिन्छ। वृत्ति शब्दको अर्थ यहाँ सम्बन्ध हो। सम्बन्धको वैचित्र्यबाट जहाँ वक्रता हुन्छ त्यसलाई वृत्तिवैचित्र्यवक्रता भनिन्छ (कुन्तक, सन् १९५५, पृ. ७५)। त्यसैले शब्दनिर्माणगत आधारहरू कृत्, तद्धित, समास, नामधातुजस्ता प्रक्रियाका क्रममा देखापर्ने काव्यसौन्दर्य नै वृत्तिवक्रता हो। यस्तो वक्रताले प्रचलित शब्दहरूभन्दा विशेष ढङ्गले निर्माण गरिएका शब्दप्रयोगको अपेक्षा गर्दछ। *नदी किनारका माझी* कवितामा वृत्तिवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

*International Research Journal of MMC (IRJMMC)*

*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

क) भिन्न भिन्न पोखरीबाट भिन्न लेक र झर्नाबाट
पाहुना माछाहरू नदी नदी लखेटालखेट खेल
जिल्ला जिल्लाका अतिथि माछाहरू टोकाटोक खेल
उँधो उँभो उँधो उँभो गर्दै नीला नीला दह
माछा माछासँग खेल
खेल्दा डण्डार डण्डार नथर्कियून् मझिनी फुल्ने समय खेल
या डुबुल्किएर झन् बिस्तारो उफ्रँदै पानी पिच्च फ्याँकेर जुठो पानी आफ्नै
आँखाभरि पार्दै खेल

(कोइराला, २०६०, पृ. ७९)

ख) खुडेखुडा छन्, अङ्कुसे छन्, भित्तामा हँसिया र बञ्चरो छन्
फुर्लुङमा बस्तै हल्लिँदै त्यही गाउँ पुग्छ माछा जहाँ पानी हुँदैन
हिजोअस्तिका सुकाउन राखेका माछा छन्
भिजेका जाल फिजेका ठाउँमा इन्द्रधनु छन्
चम्कामा झ्याङा छ, डबका राखेको छ डिलमाथि
बाटुला बाटुला गारो भएका अण्डाकार झुप्रामा
प्रत्येक घरको दाबिलो जहाँ झ्याङाबीच प्रतिष्ठित हुन्छ
धेरै दिनदेखि कटकटेर मोटो भएको छ

(कोइराला, २०६०, पृ. ८१)

ग) प्रत्येक रोग प्रकोप नभई विश्वास हुन्न बोकेको छ
आउने अनिष्ट लागुमा गाँसिए ठीक छ खोलाको
कस कसबाट आपत हुन्छ, कुन परीबाट कष्ट
धामी भन्छ, झाँक्रीले भन्छ, खरानी लिनेले भन्न सक्छ
जलबीचमा कसले स्वर्णमुद्रा बोकेको छ
सहकाल गर्न कसले दृष्टि दिएको छ
पैह्रा र भेलहरू असिना र बाढीहरू झरी र बादलहरू
राक्षस खेल्ने हारजीतका कुस्ती पो हुन्
परिणतिबारे पुर्खाले यस्तै कथा भनेका छन्

(कोइराला, २०६०, पृ. ९०)

वृत्तिवक्रताले सर्ग, समास, द्वित्व, सन्धि तथा नामधातुजन्य वृत्तिबाट निर्मित शब्दहरूका कारण सिर्जना हुने चमत्कार र सौन्दर्यलाई जनाउँछ । माथिका तीनओटै उदाहरणमा अधोरेखाङ्कित शब्दहरूले शब्द निर्माणका अनेक पद्धतिलाई सङ्केत गरेका छन् । माथिका उदाहरणमा खासगरी समस्त शब्द तथा द्वित्व प्रक्रियाबाट निर्माण भएका शब्दका कारण सिर्जित सौन्दर्यलाई उजागर गरेका छन् । यिनले कतै सामानार्थकता, कतै विरुद्धता जस्ता गुणहरूलाई सङ्केत गरेका छन् । केही शब्दहरू सर्ग प्रक्रियाबाट पनि निर्माण भएका छन् । कतिपय द्वित्व शब्दहरूका कारण समध्वन्यात्मकताका कारण वर्णवक्रता पनि सिर्जना भएको छ । यी सबै प्रयोगले कवितामा वृत्तिवक्रता सिर्जना गरी भनाइलाई चमत्कारयुक्त तुल्याएका छन् । यस प्रकारको प्रयोग कवितामा अन्यत्र पनि व्यापक रूपमा पाइन्छ ।

## ४.८ नदी किनारका माझी कवितामा क्रियावैचित्र्यवक्रता

क्रियाका मूल रूपलाई धातु भनिन्छ । धातुबाट नै क्रिया तथा अन्य कृदन्त शब्दहरूको निर्माण हुन्छ । धातुको रूपवलीका रूपमा आउने क्रियाको वैचित्र्यबाट वाक्यको सौन्दर्य वृद्धि हुँदा क्रियावैचित्र्यवक्रता हुन्छ । क्रियाको विचित्रताका कारण जब वाक्य (रचना) चमत्कृत वा रमणीय हुन्छ भने क्रियावैचित्र्यवक्रता हुन्छ ('हिरा', सन् १९७५, पृ. २५२) । काव्यमा प्रयोग भएका क्रियावर्गीय शब्दहरूको विशिष्टताका कारणले काव्यमा सिर्जना हुने चमत्कार, शोभा वा चारुताविशेष नै क्रियावैचित्र्यवक्रता हो । धातुरूप पदपूर्वार्द्धमा आश्रित वैचित्र्य क्रियावैचित्र्यवक्रताअन्तर्गत आउँछ

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

(नगेन्द्र, सन् १९५५, पृ. २५५)। आचार्य कुन्तकले कर्ता र क्रियाको अन्तरङ्ग सम्बन्ध कायम गरेर, कर्ताद्वारा असम्भव कार्य सम्पादन गराएर, क्रियाविशेषणद्वारा क्रियाको सौन्दर्य उजागर गरेर, सादृश्य सम्बन्धका आधारमा एउटा धर्मलाई अर्को क्रियामा ओरोप गरेर, क्रियाको कर्मलाई गोपन गरी रमणीयता प्रकट गरेर काव्यमा क्रियावैचित्र्यवक्रता सिर्जना गर्न सकिने धारणा व्यक्त गरेको छन्। *नदी किनारका माझी* कवितामा क्रियावैचित्र्यवक्रताको प्रयोग निम्नानुसार भएको देखिन्छः

क) मेरो कुरा सुन्छस् भने खेती गर्न पर्छ
अर्कोले जूठो सुर्ती कानमा सिउरिन्छ
सर्ग र गर्भको बात देउताले पनि जान्दैन
माझी भनेका सधैँ विषमा परेका भुरा माछा हुन्
बरा ! हेर्छ भन्छन् सक्तैनन् हेर्न
विष परेपछि जान सक्तैनन् दौडिन
त्यसैले त लाटो ठाउँको गाँडो बन्छ यो
भो ! मुखियाको कुरा छाड, मेरो घरमा कलिलो जाँड छ
खोलाको साँधमा बस्नेले कहिले खुसी बस्न सक्तैन
पल्लो पहाडमा बादल खूब मडारिएको छ
आज धमिला पानीमा भुरा भुल्न सक्तछन्
बादलले भल आउन सक्छ, माछा आउन सक्छ त्यस भेलमा
घाँटी खसखसायो हो मुखियाको, सित्तै अरूको कुरा काट्न छाड्दे
बरालिन मन भए हिँड, बरु मलाई पनि भात बोकेर आइज
बगरमा बसेर संगै खाउँला सँगै सुर्ती चुसेर डुलौँला
माझीले पानीको होड कहाँ बिर्सन सक्छ र
जाल रातभर खेल्न पाइन्छ
(कोइराला, २०६०, पृ. ८४)

ख) आफ्नो देश भेटेको लाग्छ, गाउँ भेटेको लाग्छ
अनि पानी ओकल्दै ओकल्दै डुबेर किनार छुन लाग्छ
नौलो इष्टमित्र भेटेको लाग्छ
रमाइलो शहर पुगेर डुलेको लाग्छ
रसिलो कोदो मकैका भकारी भकारी
घरभित्र हुलिएको
माझीले माछा पाएको दिन रमाइलो रमाइलो
आफू पनि अरू मानिस सरह उभिएको लाग्छ
(कोइराला, २०६०, पृ. ८८)

ग) लास पर छ, अलि परैबाट डुबेको लास हेर्ने अनुमति छ,
जलपक्षी पानी टेक्तै आकाश आकाश रातमा जान्छन्,
कानमा नजीकबाट उडेका छन्,
अँध्यारोमा काम गर्ने मुखिया अँध्यारामा काम गर्ने माझी,
सबै बाटो लागेका छन्, पानीको माछो टिप्ने चरो खयरको बोटमा पुगेको छ,
अँध्यारोमा डुबेर मरेको माझी त्यहीँ नजिक देखिएको छ,
जलुको र पिरे किनारमा छ, किनारमै हल्लिएको छ,
आँखाको दोषमा खोलालाई दूध उम्लेको देख्ने
माझी पनि गएका छन्,
झ्याउबाट लुकेर छिपेर माझीका रमिता हेर्ने माछा पनि
पानीमा छन्,
खेल खेल्दै परै माझी देखेर भाग्ने माछाका हुल पनि पानीमा छन्,

*International Research Journal of MMC (IRJMMC)*
Vol. 2 Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

कालो ढुङ्गानिर अड्केको नचल्ने नहिँड्ने माझी छ, पर,
जलचर थलचर माझी एक्लो देखेर रत्तिन लागेका छन्, नजिक,
(कोइराला, २०६०, पृ. १०१)

सामान्यतः कविताको भाषामा समापक क्रियाको कमै प्रयोग हुन्छ। कवि मोहन कोइरालाको विवेच्य कविता सूक्ष्म आख्यानात्मक कविता पनि भएको र यसले खोला किनारमा बस्ने माझीहरूको दयनीय दैनन्दिलाई प्रस्तुत गरेका कारण कवितामा पर्याप्त समापक क्रियाहरू आएका छन्। माथिका उदाहरणमा रेखाङ्कित क्रियाहरूका कारण धेरै ठाउँमा कविता लयात्मक बनेको छ। कुन्तकले भने जस्तै यी क्रियाहरूले कतै कर्ता र क्रियाको अन्तरङ्ग सम्बन्ध कायम गरेका छन्, कतै कर्ताद्वारा असम्भव कार्य सम्पादन गराइएको छ, कतै सादृश्य सम्बन्धका आधारमा एउटा धर्मलाई अर्को क्रियामा आरोप गरेर प्रस्तुत गरिएको छ भने कतै क्रियाको कर्मलाई गोपन गरी रमणीयता प्रकट गरिएको छ। त्यसकारण प्रयुक्त क्रियाहरूले काव्यको सौन्दर्यशोभा वृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। त्यसैले यहाँ क्रियावैचित्र्यवक्रताको सुन्दर प्रयोग भएको छ।

## ५. निष्कर्ष

पूर्वीय काव्यशास्त्रमा आचार्य कुन्तक प्रवर्तित वक्रोक्तिसम्प्रदायमा वक्रोक्ति शब्दले बाङ्गो, टेढो, घुमाउरो, लाक्षणिक भनाइ वा विशिष्ट प्रकारको उक्ति वा भनाइ भन्ने अर्थ दिन्छ। उनले 'वक्रोक्तिजीवितम्' नामको पुस्तकमा आफूपूर्वका आचार्यहरूका मतहरूलाई समेत संयोजन गरेर वक्रोक्ति सिद्धान्तलाई स्थापित गरे र वक्रोक्तिलाई काव्यात्माका रूपमा प्रस्तुत गरे। कुन्तकले वक्रक्तिको सैद्धान्तिक परिचयका साथै यसका छओटा प्रकारहरूको पनि चर्चा गरेका छन्। उनले वक्रोक्तिका वर्णविन्यासवक्रता, पदपूर्वार्द्धवक्रता, पदपरार्द्धवक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रता गरी छवटा भेदहरू उल्लेख गरेका छन्। यस आलेखमा प्रयोगवादी कवि मोहन कोइरालाको चर्चित लामो कविता *नदी किनारका माझी* कवितामा पाइने पदपूर्वार्द्धवक्रताको खोजी गर्ने कार्य गरिएको छ। यसरी अध्ययनविश्लेषण गर्दा यस कवितामा पदपूर्वार्द्धवक्रता र यसका सबै उपप्रकारहरूको यथोचित प्रयोग भएको पाइयो। त्यसैले विवेच्य कवितामा पदपूर्वार्द्धवक्रताको प्रयोग सहज, स्वाभाविक र प्रभावकारी ढङ्गले व्यापक रूपमा भएको भेटियो। पदपूर्वार्द्धवक्रताको प्रयोगका दृष्टिले प्रस्तुत कवितालाई कवि मोहन कोइरालाको एक उत्कृष्ट कविता मान्न सकिन्छ।

*[नोट : प्रयुक्त कवितांशमा रहेको वर्णविन्यासलाई जस्ताको तस्तै राखिएको छ। यो प्रयोग कतिपय स्थानमा वर्तमान मानकभन्दा भिन्न रहेको छ।]*

## सन्दर्भ ग्रन्थ

उपाध्याय, केशवप्रसाद. (२०५५). *पूर्वीय साहित्य सिद्धान्त* (तेस्रो. संस्क.). साझा प्रकाशन।

कुन्तक. *हिन्दी वक्रोक्तिजीवित*. (सन् १९५५). (सम्पा. नगेन्द्र). (व्याख्या. आचार्य विश्वेश्वर, सिद्धान्तशिरोमणि). आत्माराम एन्ड सन्स।

कोइराला, मोहन. (२०६०). 'नदी किनारका माझी'. *यतीका पाइला खोज्दै*. (सम्पा. भाउपन्थी). नेपाल प्रज्ञा प्रतिष्ठान।

खनाल, श्यामप्रसाद. (२०६८) *मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना*. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. अनुसन्धान परिषद्. नेपाल संस्कृत विश्वविद्यालय।

त्रिपाठी, राममूर्ति. (सन् २००१). *भारतीय काव्य विमर्श*. वाणी प्रकाशन।

कुन्तक. (सन् २०१४). *वक्रोक्तिजीवितम्*. (अनु. दशरथ द्विवेदी). विश्वविद्यालय प्रकाशन।

नगेन्द्र. 'भूमिका' (सन् १९५५). *हिन्दी वक्रोक्तिजीवित*. (व्याख्या. आचार्य विश्वेश्वर, सिद्धान्तशिरोमणि). आत्माराम एन्ड सन्स।

*International Research Journal of MMC (IRJMMC)*
*Vol. 2* Issue 3 (September, 2021) ISSN 2717-4999 (Online) 2717-4980 (Print)

पौडेल, विष्णुप्रसाद (२०७६). 'वक्रोक्तिसिद्धान्त र यससँग शैलीविज्ञानको निकटता'. *रत्न बृहत् नेपाली समालोचना* (दोस्रो. संस्क.). (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न पुस्तक भण्डार (पृ. ६०२ – ६२१ ।

भँडारी, माधव. (२०५५). 'वक्रोक्ति सम्प्रदाय'. (सम्पा. ईश्वर बराल तथा अन्य). *नेपाली साहित्य कोश* (पृ. ७३४–७४०). नेपाल प्रज्ञा प्रतिषठान ।

वर्मा, हरिश्चन्द्र. (सन् २०१३). *भारतीय काव्यशास्त्र*. (द्वितीय संस्क.). हरियाणा ग्रन्थ अकादमी ।

शर्मा, ऋषिराम. (२०७४). *पूर्वीय शाहित्यशास्त्रीय नेपाली प्रायोगिक समालोचना*. सुरेश अर्याल ।

'हीरा', राजवंश सहाय. (सन् १९७५). *भारतीय आलोचनाशास्त्र*. हिन्दी ग्रन्थ अकादमी।